सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आ.व. २०८०/०८१ को प्रथम त्रैमासिक (२०८० श्रावण - आश्विन) मा सम्पादित क्रियाकलापहरूको विवरण

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन कार्यालय धरान
कोशी प्रदेश, सुनसरी

# विषय सूची


१. कार्यालयको स्वरुप र प्रकृति........................................................................१
२. कार्यालयको काम, कर्तव्य र अधिकार...............................................................१
३. कार्यालयको संगठन संरचना..........................................................................१
४. कार्यालयबाट प्रदान गरिने सेवाहरू...................................................................२
५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी......................................................२
६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर...........................................................................३
७. कार्यालयबाट सम्पादित कामहरू .......................................................................३
८. कार्यालय प्रमुख र सूचना अधिकारी...................................................................३
९. ऐन, नियम, कार्यविधिको सूची.........................................................................३
१०. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण ........................................... ४
११. कार्यालयको वेबसाइट र ईमेल...................................................................... ४
१२. सामाजिक सञ्जाल उपस्थिति.......................................................................... ४

## १. कार्यालयको स्वरुप र प्रकृति

कोशी प्रदेश सरकारको पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहेको यस पर्यटन कार्यालय धरानको कार्यक्षेत्रभित्र कोशी प्रदेशको १० जिल्ला (सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुर, संखुवासभा, भोजपुर, धनकुटा, तेह्रथुम, मोरङ र सुनसरी) पर्दछन्। पर्यटनसँग सम्बन्धित व्यवसायहरुको दर्ता, नवीकरण तथा व्यावसायिक क्षेत्र, व्यवसायमा आवद्ध जनशक्तिको क्षमता विकासका लागि यस कार्यालयले कार्य गर्दछ। नयाँ-नयाँ पर्यटकीय गन्तव्यहरू पहिचानका लागि सरोकारवालाहरुसँग छलफल तथा अध्ययन अवलोकन गरी तिनको प्रचार प्रसार तथा प्रवर्द्धन गर्नु समेत यस कार्यालयको उद्देश्य हो। आफ्नो कार्यक्षेत्र भएका १० जिल्लामा पर्यटकीय गतिविधिहरुलाई प्रोत्साहन, नियमन तथा अनुगमन गर्ने यस कार्यालयको प्रमुख कार्य हो।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

पर्टयन विकास ऐन, २०७६, पर्यटन विकास नियमावली, २०७७ र होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को अधिनमा रही यस कार्यालयको देहायमा उल्लिखित काम, कर्तव्य रहेको छ।

- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा होमस्टे दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- आफ्नो क्षेत्राधिकार रहेका जिल्लाहरूमा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीहरूको दर्ता, नवीकरण, अनुगमन र खारेजी गर्ने,
- पर्यटन व्यवसायीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरू सञ्चालन गर्ने,
- पर्यटन प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने।

## ३. कार्यालयको संगठन संरचना

स्वीकृत अस्थायी दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा, समूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | अधिकृत सातौं/आठौं | प्रशासन, सा.प्र. | १ | |
| २ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, सा.प्र. | २ | |
| ३ | सहायक/अधिकृत | पाँचौं/छैटौं | प्रशासन, लेखा | १ | |
| ४ | ह.स.चा. | तह विहीन | | १ | |
| ५ | कार्यालय सहयोगी | तह विहीन | | २ | |
| | जम्मा | | | ७ | |

**प्रदेश सरकार**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश**

**पर्यटन कार्यालय, धरानको अस्थायी दरबन्दी तेरिज**

| क.सं. | दरबन्दी विवरण | | | आ.व. २०७९/८० को स्वीकृत दरबन्दी संख्या | आ. व. २०८०/८१ को दरबन्दी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पद नाम | तह/श्रेणी | सेवा/समूह | | थप | घट | कायम | |
| १ | कार्यालय प्रमुख | ७/८ | प्र./सामान्य प्रशासन | १ | ० | ० | १ | |
| २ | ईन्जिनियर | ७/८ | ईन्जि./सिभिल | १ | ० | १ | ० | |
| ३ | सहायक/ अधिकृत | ५/६ | प्र./सामान्य प्रशासन | २ | ० | ० | २ | |
| ४ | सहायक/ अधिकृत | ५/६ | प्र./लेखा | १ | ० | ० | १ | |
| ५ | सब-ईन्जिनियर | ५/६ | ईन्जि./सिभिल | १ | ० | १ | ० | |
| ६ | ह.स.चा. | तह विहिन | | १ | ० | ० | १ | |
| ७ | कार्यालय सहयोगी | तह विहिन | | २ | ० | ० | २ | |
| जम्मा | | | | ९ | ० | २ | ७ | |

डा. दिपक काफ्ले
प्रमुख सचिव

## ४. कार्यालयबाट प्रदान गरिने सेवाहरू

हाल यस कार्यालयबाट कोशी प्रदेशका मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बु जिल्लामा देहाय बमोजिमका सेवाहरू प्रदान गरिन्छ।

- होम्सटे (घरबास) को दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको दर्ता, नवीकरण, खारेजी सम्बन्धी कार्यहरू,
- होमस्टे सम्बन्धी अभिमुखीकरण तालिम

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | कार्यालय प्रमुख | विजय राई, अधिकृत आठौं |
| २ | पर्यटन प्रवर्द्धन तथा प्रशासन शाखा | प्रदिप कुमार श्रेष्ठ, अधिकृत छैटौं<br>उपेन्द्र बहादुर श्रेष्ठ, अधिकृत छैटौं |
| ३ | आर्थिक प्रशासन शाखा | रामेश्वर गुरागाई, सह-लेखापाल |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर

यस कार्यालयबाट प्रदान गरिने सेवाहरू प्राप्त गर्दा लाग्ने दस्तुरहरू *पर्यटन विकास नियमावली, २०७७* र *होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७* मा तोकिएको बमोजिम हुनेछ।

## ७. कार्यालयबाट सम्पादित कामहरू

यस कार्यालयबाट चालु आ.व. को प्रथम त्रैमासिकसम्म सम्पादित कामहरू देहाय बमोजिम रहेको छ।

| क्रियाकलाप | होमस्टे | | ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी | |
|---|---|---|---|---|
| | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको |
| दर्ता | - | ० | - | ० |
| नवीकरण | - | ० | - | १ |
| अनुगमन | - | १ | - | ४ |
| खारेज | - | ० | - | ० |
| तालिम | - | १ | - | ० |

## ८. कार्यालय प्रमुख र सूचना अधिकारी

कार्यालय प्रमुख : विजय राई (९८५२०६२७८७)
सूचना अधिकारी : प्रदिप कुमार श्रेष्ठ (९८६२६२६१६९)

## ९. ऐन, नियम, कार्यविधिको सूची

कार्यालयद्वारा सम्पादन गरिने कार्यहरू तथा प्रवाह गरिने सेवाहरूसँग सम्बन्धित प्रमुख ऐन, नियम तथा कार्यविधिहरू देहाय बमोजिम रहेका छन्।

(क) पर्यटन विकास ऐन, २०७६
(ख) पर्यटन विकास नियमावली, २०७७
(ग) होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

## १०. आम्दानी, खर्च र आर्थिक कारोवार सम्बन्धी विवरण

बजेट उपशीर्षकः पर्यटन कार्यालयहरू (३२९०४०१२३)

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| १,१३,५०,०००.०० | - | १५,२८,१०१.८० | ९८,२१,८९८.२० |

बजेट उपशीर्षकः पर्यटन कार्यालयहरू (३२९०४०१२४)

| वार्षिक बजेट | अघिल्लो त्रैमासिक सम्मको खर्च | यस त्रैमासिकको खर्च | बाँकी बजेट |
|---|---|---|---|
| ३,००,०००.०० | - | ०.०० | ३,००,०००.०० |

दर्ता नवीकरणबाट प्राप्त राजस्वः

| राजस्व शीर्षक | अघिल्लो त्रैमासिक सम्मको | यस त्रैमासिकको | कुल जम्मा |
|---|---|---|---|
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | - | - | - |
| १४२५३ व्यवसाय रजिस्ट्रेशन दस्तुर | - | १०,०००.०० | १०,०००.०० |

## ११. कार्यालयको वेबसाइट र ईमेल

यस कार्यालयको आधिकारिक वेबसाइट र ईमेल ठेगाना निम्नानुसार रहेका छन्।

वेबसाइट : **https://tourismdharan.koshi.gov.np**

ईमेल : **tourismdharan@gmail.com**

## १२. सामाजिक सञ्जाल उपस्थिति

फेसबुक पेजः **facebook.com/tourismdharan**